सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १३९ ♦ २०८० साल माघ २५ गते विहिवार ♦ 8 Feb 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## असई हत्याका दोषी सांसद अभिरामको सेवासुविधा रोक्का






**खबर दर्पण समाचारदाता**

**माघ २४ गते, महेन्द्रनगर**

मधेश प्रदेशसभा सदस्य तथा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का मधेस प्रदेशसभा संसदीय दलका नेता अभिराम शर्माको सेवासुविधा रोक्का भएको छ।

सशस्त्र प्रहरीका असई थमन विक हत्या प्रकरणमा दोषी ठहर भएका उनको सेवासुविधा प्रदेश संसदले रोक्का गरेको हो।

मंसिरमा भएको फैसलाकै बेलादेखि प्रदेश सांसद शर्मा फरार छन्। उनी राष्ट्रिय सभाको चुनावमा मतदानमा समेत भाग लिएनन्।

माघ महिनादेखि उनको सेवासुविधा रोक्का गरिएको सभामुख रामचन्द्र मण्डलले बताए। पुससम्मको शर्माको सेवासुविधाको रकम खातामा पठाइएको सचिवालयले जनाएको छ।

शर्मा महोत्तरी क्षेत्र नं. ३ (क)बाट दोश्रो पटक प्रत्यक्ष निर्वाचित छन्। यसअघि उनी २०७४ को निर्वाचनमा सोही क्षेत्राट जितेका शर्मा मुख्यमन्त्री लालबाबु राउतको सरकारमा सामाजिक विकास राज्यमन्त्री बनेका थिए।

अदालतबाट फैसलासहितको पत्र आएपछि अथवा ७० दिन कटेपछि उनलाई निलम्बन गर्ने सभामुख मण्डलले बताए।

## दिलीप महतोको हत्यामा संलग्नलाई २५ वर्ष कैदको फैसला उच्च अदालतबाट पनि सदर

**खबर दर्पण समाचारदाता**

**माघ २४ गते, ढल्केवर**

पर्यावरण अभियन्ता दिलीप भनिने ओम प्रकाश महतोको हत्याको मुद्दामा उच्च अदालत जनकपुरले जिल्ला अदालत धनुषाकै फैसला सदर गरेको छ।





न्यायाधीशद्वय महेन्दनाथ उपाध्याय र ध्रुवकुमार पियाको संयुक्त इजलासले जिल्लाकै फैसला सदर गरेको हो।

१२ फागुन २०७८ मा जिल्ला अदालत धनुषाले दिलीपको हत्याका मुख्य योजनाकार चुरियामाई बालुवा प्रशोधन उद्योगका सञ्चालक विपीन महतो र मुख्य सहयोगी मुनिन्द महतोलाई २५-२५ वर्ष कैद र पाँच-पाँच लाख रुपैयाँ क्षतिपूर्ति वापत जरिवाना हुने फैसला सुनाएको थियो।

यस्तै घटनाका मतियार बनेको आरोपमा जितेन्द्र महतोलाई साढे १२ वर्ष कैद र अढाइ लाख रुपैयाँ क्षतिपूर्ति वापत जरिवाना गरेको थियो।

जिल्ला अदालते विपीन, मुनिन्द्र र जितेन्द्रलाई दोषी ठहर गर्दै सजाय सुनाएको थियो। विपीनका दाइ विनोद महतो, कामदारहरू सत्यनारायण महतो, शत्रुघन महतो र रोशनकुमार यादवलाई अदालतले सफाइ दिइएको थियो।

२५ पुस २०७६ मा घरभन्दा पाँचसय मिटर पर रहेको

*बाँकी पृष्ठ २ मा*

*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं।*

*कर तिर्नु सभ्य नागरिकको पहिचान हो समयमै कर चुक्ता गरौं*

औरही नगरपालिका, महोत्तरी




सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस्।

# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- ✓ पत्रिका
- ✓ क्यालेण्डर
- ✓ रजिष्टर, डाइरी
- ✓ किताब
- ✓ परीक्षा कपी
- ✓ पर्चा पम्पलेट
- ✓ बिल, भाउचर,

- ✓ स्क्रिन प्रिन्ट
- ✓ विवाह कार्ड
- ✓ प्रमाण पत्र
- ✓ भिजिटिङ्ग कार्ड
- ✓ झोला प्रिन्ट
- ✓ रबर स्टाम्प

- ✓ फ्लेक्स प्रिन्ट
- ✓ ब्यानर प्रिन्ट
- ✓ होर्डिङ्ग बोर्ड
- ✓ स्टिकर
- ✓ फाइल

साथै होम डेलिभरीको सुविधा छ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न

**मंजित राम**

**माघ २४ गते, महोत्तरी**



महोत्तरीको सोनमा गाउँपालिकाको सभा हलमा बुधबार खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना सम्बन्धि अभिमूखिकरण तथा अन्तरक्तिया कार्यक्रम सम्पन्न भएको छ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना - दोश्रो अन्तरगत सोनमा गाउँपालिकामा संचालन हुनलागेको हो।

विशेषगरी लक्षित वर्गलाई समावेश गरि कार्यक्रम भूकम्प र बादी पिडित,खाद्य असुरक्षित ,विपन्न,सिमान्तकृत दलित र महिलालाई सहवागिता गरिने आयोजनाका निर्देशक जगन्नथ तिवारीले बताउनुभएको छ।

पालिका भित्र कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा बृद्धि गरी खाद्य सुरक्षामा सहयोग जलवायु तथा पोषण मैत्री कृषि प्रविधिकहरुको अनुसरण र प्रसार त्यसतै सान कृषिकहरुको क्षमता अभिवृद्धि उत्पादन तथा आयआर्यजन र विविधिकरण प्रबर्द्वन गरि बजारमा पहुँच बनाउने साथै सुनौला हजार दिनका आमाहरु ६-२४ महिना सम्मका बच्चाहरुको पोषण स्थितिमा सुधार ल्याउने कार्यक्रमको उदेश्य रहेको निर्देशक तिवारीले बताएउनुभयो।

पालिकामा खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना कार्यक्रम संचालन भएपछि पालिका भित्रको भूकम्प र बाढी पिडित,खाद्य असुरक्षित ,विपन्न,सिमान्तकृत दलित महिलाहरुलाई ठूलो मद्दत पुग्ने बिश्वास लिएको पालिका प्रमुख बिशेशवर यादवले बताउनुभयो ।

आयोजना क्लष्टर इकाई प्रमुख युगल किशोरका अनुसार पहिलो चरणको कार्यक्रम पालिकाको वडा- ३ रधुनाथपुरमा संचालन गरिने बताउनुभएको छ।

कार्यक्रममा उप प्रमुख जहिदा खातुन,प्रमुख प्रशासकीय अधिकृत ,८ औं वडाको वडा अध्यक्षहरु सहवागी रहनुभएको थियो ।

# एनएमबि बैंक द्वारा जनताआधारभूत विद्यालय, टुटेश्वरलाई यूनिफर्म वितरण



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**माघ २४ गते, महोत्तरी**

एनएमबिबैंक लिमिटेडले सस्थागत सामाजिकउत्तरदायित्व अन्तर्गत बर्दिवास नगर पालिकाको श्री जनताआधार भूतविद्यालय, टुटेश्वरका बालबालिकाहरुलाई न्यानो यूनिफर्म वितरण गरेको छ ।

सो कार्यक्रममा बैंकका तर्फबाट मधेश प्रदेश प्रमुख कमल पोखरेल, सन्चालन प्रबन्धक राजकुमार विश्वकर्मा र बर्दिवास शाखा प्रमुख आदित्य भट्टराई साथै बर्दिवास शाखाका कर्मचारीहरु साथै विद्यालयका तर्फबाटबालबालिकाहरु, अभिभावक, विद्यालय व्यवथापन समितिकाअध्यक्ष अनिलकुमार यादव, विद्यालयका प्रधानअध्यापक अमर बहादुर विश्वकर्मा र वडा नं १० का अध्यक्ष प्रमोद कुमार मोक्तान लगायत अन्य पधाधिकारीहरु समेतको उपस्थिीती रहेको थियो ।

एनएमबि बैंक विगत २७ वर्ष देखि रुपमा बैंकिङ्ग सेवा सुविधा प्रदान गर्दै आइरहेको, नेपाल राष्ट्र बैंकबाट “क” वर्गको इजाजतपत्र प्राप्त एक अग्रणी वित्तीय संस्थाहो ।

बैंक दि फिनान्सियल टाईम्स, लण्डनको द ब्यान्कर’ पत्रिका द्वारा एसिया कै सर्वोत्कृष्ट बैंकको उपाधी “बैंक अफ दि इयर एसिया २०२१” उपाधीबाट सम्मानित भएको बैंक हो । एनएमबि बैंकले २०१७, २०१८, २०२० र २०२१ का लागि पनि उक्त पत्रिकाद्वारा चार पटक नेपाल कै उत्कृष्ट बैंकको उपाधी बैंक अफ दि इयर नेपाल’प्राप्त गरिसकेको छ ।

एनएमबि बैंकले हाल देशभरी २०१ शाखाहरु, १७५ एटिएमहरु र १२ एक्सटेन्सन काउन्टरहरु मार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

# दिलीप महतोको हत्यामा....

औरही खोलामा २४ वर्षीय दिलीपको हत्या भएको थियो । बिहानै ४ बजे खोलामा उत्खनन भइरहेको थाहा पाएपछि बन्द गराउन खोलामा पुगेका दिलीपको चुरियामाई वालुवा प्रशोधन उद्योगमै पहिले टिपर को लिभर, पेचकसले काँखीमा घोचेर आक्रमण गरी बेहोस पारिएको थियो ।

र त्यसपछि टाउको पछाडिबाट ना ७ ख ६४१३ नम्बरको टिपर ले किचिएर हत्या गरिएका ` थियो ।


*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं ।*

*कर तिर्नु सभ्य नागरिकको पहिचान हो*

*समयमै कर चुक्ता गरौं*

**मठिहानी नगरपालिका, महोत्तरी**


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। छ ।

**वृष**- चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। साताको अन्त्यमा समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ ।

**मिथुन**- सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछ।

**कर्कट** - मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ।

**सिंह** -स्वास्थ्य प्रतिकूल रहने, यात्रामा बाधा आउनेछ । रोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछ।

**कन्या** -परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछरु। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ ।

**तुला** - सरकारी काममा सफलता हुनेछरु। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछरु। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ ।उपहारआदी प्राप्त हुनेछ ।

**वृश्चिक** -साताको सुरुमा शत्रुले दु:ख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछरु। आयआम्दानीको स्रो बढ्नेछरु। साताको अन्त्यमा सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ ।

**धनु** - दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ । अपूरा कार्य पूर्ण हुनेछन्। अनावश्यक खर्च बढ्नेछ।

**मकर** -आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ।

**कुम्भ** -मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ। साताको अन्त्यमा काममा असफलता, धनको नाश हुने योग

**मीन** -काममा बाधा, खर्च वृद्धि हुनेछरु। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। शुक्रबार भने मनमा डर-चिन्ता रहनेछ। धार्मिक यात्राको योग छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# एमाले महोत्तरी अधिवेशन : सहमति हुन नसकेपछि चुनावी प्रक्रिया सुरु

**खबर दर्पण समाचारदाता**

**माघ २४ गते, महोत्तरी**

नेकपा एमालेको महोत्तरी जिल्ला अधिवेशन सहमतिमा हुन नसकेपछि निर्वाचन प्रक्रिया अगाडि बढाइएको छ । पछिल्लो डेढ दशकयता तदर्थ समितिको भरमा चल्दै आएको एमालेको छैटौँ अधिवेशन सहमतिमा हुन नसकेपछि २ वटा प्यानलबीच चुनावी प्रतिस्पर्धा हुने भएको हो । माघ २२ गतेबाट सुरु भएको अधिवेशन सहमतिमा गर्नुपर्ने शीर्ष नेताहरूले जोड दिए पनि चुनावी प्रतिस्पर्धा गर्नुपर्ने माहोल सिर्जना भएको निवर्तमान अध्यक्ष कालिचरण साहले जानकारी दिए । अहिले बलिराम यादव र शिवचन्द्र सिंहको प्यानल चुनावी प्रतिस्पर्धामा होमिएको छ, जसमा दुई वटा गुटले यादव र सिंहलाई साथ दिएका छन् ।

एमाले महोत्तरीका नेताहरूका अनुसार रामदयाल मण्डल, जुलि महतो, रघुवीर महासेठसहितको एउटा गुटले शिवचन्द्र सिंहलाई र सरोज यादवको अर्को गुटले बलिराम यादवलाई साथ दिएको छ ।

एमाले महोत्तरीमा यसअघि निर्धारण भएको अधिवेशनहरू सरोज यादव र रामदयाल मण्डलकै कारण स्थगित भएको थियो । दर्जनौं पटक कहिले आन्तरिक कलह त कहिले नेताहरूको निजी स्वार्थको कारण विवादित बन्दै आएको अधिवेशन अहिले भने मनोनयन दर्ता भएसँगै नेता कार्यकर्ताहरूमा उत्साह देखिएको छ ।

खुलासत्रमा अध्यक्ष केपी शर्मा ओलीले अधिवेशन सहमतिमा नै हुने विश्वास व्यक्त गरेका थिए । तर, तल्लो तहको नेता, कार्यकर्ताहरूको लोकतान्त्रिक प्रक्रियाप्रतिको निष्ठाले महोत्तरी मात्र हैन अन्य जिल्लामा समेत प्रतिरोध हुँदै आएको देखिएको छ ।

# महोत्तरी जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गर्न पहल




**खबर दर्पण समाचारदाता**

**माघ २४ गते, महोत्तरी**

महोत्तरी जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणाको लागि पहल सुरु गरिएको छ । जिल्लामा रहेको १५ स्थानीय तहहरूमध्ये बलवा नगरपालिका र सम्सी गाउँपालिका मात्रै पूर्ण खोप पालिका घोषणा हुन बाँकी छ ।

महोत्तरीको सदरमुकाम जलेश्वरमा वुधबार पूर्ण खोप तथा दिगोपना सम्बन्धमा सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रममा मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका खोप अधिकृत लक्ष्मेश्वर झाले महोत्तरी जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गर्न दुई पालिकामा मात्रै समस्या देखिएकोले सरोकारवालाहरूलाई पहल गरिदिन आग्रह गर्नुभयो ।

जिल्लाका सबै स्थानीय तहमा रहेका १६ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई राष्ट्रिय खोप कार्यक्रमको तालिका बमोजिम १५ महिनाभित्र पाउनुपर्ने सबै खोप पाइसकेको सुनिश्चितता सहित पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिने कार्यक्रम रहेकोमा जोड दिनुहुँदै दुई वटा पालिकामा देखिएको आन्तरिक समस्याले समस्या देखिएको बताउनुभयो । सम्सी गाउँपालिकामा पटक-पटक अध्यक्ष, प्रशासकीय अधिकृत तथा वडाध्यक्षहरूको विवादको कारणले कामकाजहरू ठप्प रहँदै आएको छ भने बलवा नगरपालिकामा पनि समस्या देखिएको जनाइएको छ ।

दिगो विकास लक्ष्य अनुसार बालबालिका र महिलाको मृत्युदरमा कमी ल्याउन पूर्ण खोपको सुनिश्चितता गरिने बताउनुहुँदै पूर्ण खोपको दिगोपनाको लागि स्थानीय सरोकारवालाहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण भएकोले कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति महोत्तरीका सभापति सुमन लाल कर्णले जसको जिम्मेवारी हो उसले जनतासँग न्याय गर्नेगरि कामकाज गर्नुपर्नेमा जोड दिनुभयो ।

जिल्लालाई पूर्ण खोप सुनिश्चितताको लागि सबैसँग हातेमालो गरेर अगाडी बढ्नुपर्ने उहाँको भनाइ छ । उहाँले घोषणा मात्रै ठुलो कुरा नभएको भन्दै यसको निरन्तरता प्रमुख चुनौतीको रूपमा रहेको बताउनुहुँदै घोषणामा सीमित नराखी आगामी दिनमा दिगोपना कसरी गर्न सकिन्छ भन्नेमा पनि बहस, विमर्श र काम गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

स्वास्थ्य निर्देशनालयका निर्देशक डा.राजीव कुमार झाले खोपको सेसन नियमित सञ्चालन नहुनु, चाडपर्वको कारण खोप सेसन नचल्नु तथा बालबालिका खोप लिन नआउनु, खोपको पूरा मात्रा लिने बारे अभिभावकहरूमा जानकारीको कमी लगायतका कारणले केही कठिनाइ देखिएको बताउनुभयो। यस्तै, उहाँले खोप पहिलो आधारभूत र अत्यावश्यक सेवा भएकोले खोज र खोपमा सबैलाई ध्यान पुऱ्याउन आग्रह गर्नुभयो ।

स्वास्थ्यको सुचाङ्क लगायत अन्य विभिन्न विषयमा मधेश प्रदेश पछाडि रहेको बत्ताउनुहुँदै डा.झाले बालबालिकाहरूको लागि अर्को जटिल समस्याको रूपमा रहेको कुपोषणबाट समेत बालबालिकालाई सुरक्षित राख्न आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा सम्सी गाउँपालिकाका अध्यक्ष रामनाथ यादवले सम्सी गाउँपालिकालाई छिट्टै पूर्ण खोप पालिका घोषणाको लागि आफू तयार रहेको र सबै सरोकारवाला निकायहरूलाई यसमा सहयोग गर्न आग्रह गर्नुभएको थियो ।

कार्यक्रममा महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, जनस्वास्थ्य प्रयोगशालाको प्रमुख श्रवण मिश्र लगायतकाहरुले कार्यक्रममा मन्तव्य राख्नुभएको थियो ।

# सन्दर्भ पर्यटन पदयात्रा : बर्दिवासमा बादर किन बस्ती पस्दै छन् ?




हामिले राम्रो लाई राम्रै भन्ने संस्कार वसाउन जरूरि छ । अहिले जुन पर्यटन पर्वद्वनको लागि जुन गन्तव्य को छनौट हुदैछ ।ब यस्लाई स्वागतयोग्य कदम भन्नू नै पर्छ । सवैकुरा एउटैले मात्र गर्न सक्दैन, सबैले आ-आफ्नु दायित्व सम्झेर काम गर्ने हो भने एकदिन त बास वसौ बर्दिवासमा भन्नेको शंख्या बढ्दै जान्छ ।

तर अहिले नेपालमा पर्यटक भित्र्याउन धार्मिक गन्तव्य भित्र्याएर धार्मिक पर्यटन लाई वढवा दिनु पर्छ ।

माथि उल्लेखित ठाउँमा यदि पुरातात्विक कुनै अवशेष छन भने तिनिहरूलाई उत्थान गरि ऐतिहासिकस्थल घोषण गर्दै धार्मिकस्थल निर्माण गर्ने हो भने यस्ले अवश्य सफलता पाउन सक्छ ।

अब त्यो उच्च डाडामा धार्मिक पर्यटक पुर्याउने हो भने त्याहा पुग्न सवारिसाधन विल्कुल जान दिनु हुदैन र पैदलमार्ग नै अनिवार्य हुनु पर्छ । पैदलमार्गले गन्तव्य पुग्दा कष्टकर हिडाई पछिको आनन्द बेग्लै हुन्छ ।

जस्तो पाथिभरा माताकंहा हिड्दाखेरिको थकान र माथि माताको दर्शन गर्दा हुने आन्नद बेग्लै हुन्छ ।

यदि यो सफल भयो भने बर्दिवासको व्यापारमा केही सहज हुन्छ र अहिले बांदरको वास भत्किएर खान नपाएर गाउमा उप्रद्रो गर्ने बादरहरू लाई खान आपूर्ति हुन्छ । बादरलाई बन्ध्याकरण गर्ने तालिम र भत्ता खर्चको पैसाले बादर लाई चाहिने आहार,विहार र उस्को भुगोल सुरक्षा गर्न लगाउने हो भने यो प्रकृतिले बादरलाई कहिलै वध्याकरण गर्नु पर्ने प्राणिमा राखेन ।

तर हामी मानव नै हौ प्राकृतिकमाथि धावा वोलेर बांदरलाई बन्ध्याकरण गरेर बांदरको संख्या घटाउनुमा लागेका छौ। तर विध्वंश मच्चाउन धेरै बादर चाहिदैन यउटै बादर काफि छ भनेर विज्ञहरू किन वुझ्दैनन ?

यो फजुलखर्चमा सरकार किन उदत छ जंगल सुरक्षित राखिदेउ राउटेलाई बर्दिवासको उतरिभेगको जंगलमा आयर वस्न प्रोत्साहन गरौ अब बांदरको संख्या वढछ कि घट्छ त्यसै थाहा हन्छ ।

हामिलाई प्रकृतिले यो संसार दिएको छ जलचर,थलचर भनेर छुट्याई पनि दियको छ तर मानिसकै पनि वस्ने वास उठिवास लाग्यो भने उस्ले समाजमा तवाहि त मचाउछ नै अनि यहि कुरा बांदरमा किन लागू हुदैन ?

गाउँ,सहर,देश त्यसै वन्दैन सहि समयमा सहि निर्णय लिन सक्ने नेतृत्व नै समाजमा अव्वल कमाउछ ।

अहिले बांदर पिडित बर्दिवासको उत्तरवर्ति क्षेत्र पिडित छ । कारण यउटै छ बांदरको खास आहारा नपाएर भौतारियर हामिलाई दुख दिएको हो ? बास्तबमा बांदरले हामिलाई दुख दियको हैन । हामिले चाहिँ बांदरलाई दुख दिएर उस्लाई घरमा आउन निम्ता दिएको हो । यदि उसको बास, गासलाई हस्तक्षेप गर्ने मानव नै हो परिणामस्वरूप गाउँ, बस्तीमा उनीहरु नआए काँहा जान्छन त ?

अब पर्यटन हवको विकासको लागी खोजि कार्यलाई निष्कर्षमा पुर्‍याई धार्मिक पर्यटक भित्र्याउन सवै अगुवा साथिहरू लाई अनुरोध गर्दछु ।

हामी मानवको निमित पशुपंक्षि, हात्ती, घोडा, बाघ, भालु,लोखके,ब्यांसो,मौरि,घारे,गडौला, प्रकृतिले त्यसै सिर्जना गरेको हैन । यउटा पारिस्थितिक प्रणालीलाई कायम राख्न पनि प्रकृतिले मानवलाई प्रेम गरेर दियको वरदान हो ।

# मुख्यमन्त्री यादवलाई एकातिर विश्वासको मत लिनु पर्ने बाध्यता अर्कोतर्फ नेतृत्व परिवर्तनको दबाब

**खबर दर्पण समाचारदाता**

**माघ २४ गते, महेन्द्रनगर**




जनमत पार्टीका दुई मन्त्रीले गत माघ ११ गते सरकार छाडेपछि मधेशका मुख्यमन्त्री सरोजकुमार यादव विश्वासको मत लिनुपर्ने र फेरि सरकारलाई पूर्णता दिनुपर्ने बाध्यतामा छन् ।

संवैधानिक व्यवस्था अनुसार मुख्यमन्त्रीले अब १८ दिनभित्र विश्वासको मत लिनुपर्छ भने जनमतले छाडेको दुई मन्त्रालयमा पनि छिटै मन्त्री नियुक्त गर्नुपर्नेछ ।

तर यही बेला सत्ता साझेदार दलले मुख्यमन्त्रीमा आलोपालो हुनुपर्ने भन्दै सरकारको नेतृत्वमै दाबी गरेपछि मुख्यमन्त्री यादव दबाबमा छन् ।

महत्वपूर्ण विषयहरुमा गठबन्धनभित्र छलफल नगरेको, एक वर्षको अवधिमा राम्रो काम नगरेको भन्दै सत्ता साझेदार नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले सरकारको नेतृत्वमा नै दाबी गरेका छन् ।

'मुख्यमन्त्रीले गठबन्धनको कतिवटा गठबन्धनको बैठक राख्नुभयो ? कति पटक सरकार सञ्चालनमा गठबन्धनको सल्लाह लिनुभयो', नेकपा माओवादी केन्द्र संसदीय दलका नेता भरतप्रसाद साह भन्छन् 'उनको भूमिका नै पुगेको छैन । अब आलोपालोको प्रणालीमा जानुपर्‍यो, सहमति हुनुपर्‍यो ।'

नेपाली कांग्रेसले पनि मधेश सरकारको नेतृत्व आफू पाउनुपर्ने दाबी गरेको छ । गत वैशाख १० गते बारा- २ मा उपचुनाव हुँदा जसपा अध्यक्ष उपेन्द्र यादवलाई जिताए एक वर्षपछि मधेश सरकारको नेतृत्व पाउने भद्र सहमति भएको कांग्रेसका प्रदेश सभापतिसमेत रहेका भौतिक पूर्वाधार विकस मन्त्री कृष्णप्रसाद यादव बताउँछन् ।

'त्यति बेला जसपाले भद्र सहमति गरेको थियो । त्यसैले अब नेतृत्व कांग्रेसले पाउनुपर्छ । यस विषयमा केन्द्रीय गठबन्धनमा छलफल चलिरहेको छ । गठबन्धनको जे निर्णय हुन्छ हामीले फलो गर्छौं', उनले भने ।

सत्ता साझेदारको असन्तुष्टिकै बीच विश्वासको मत लिन मुख्यमन्त्री यादवले राजनीतिक दौडधुप सुरु गरेका छन् । उनी सत्ता गठबन्धनको शीर्ष नेता भेट्न काठमाडौं पनि पुगेका छन् ।

जनमत पार्टीले सरकार छाडे पनि मधेशमा सत्तारुढ गठबन्धनमा रहेका दलको बहुमत छ । तर, सत्ता साझेदार कांग्रेस, नेकपा माओवादी केन्द्र, लोसपा, मन्त्रालयको भागवण्डा पहिला टुंग्याउनुपर्ने अडानमा छन् ।

११ मन्त्रालयमध्ये मुख्यमन्त्रीको दल जसपाले तीन, कांग्रेसले ३, माओवादी केन्द्र, लोसपा र नेकपा एकीकृत समाजवादी पार्टीले १-१ मन्त्रालय सम्हालेका छन् । जसपा भन्दा ४ सांसद बढी रहेको कांग्रेसले थप दुईवटा मन्त्रालय पाउनुपर्ने दाबी गरेको छ ।

प्रदेशसभामा १०७ सांसदमा एमालेको २३, कांग्रेसको २२, जनता समाजवादी पार्टीको १८, जनमतको १३, माओवादी केन्द्रको ९, लोसपाको ९, एकीकृत समाजवादीको ७ सांसद छन् । नागरिक उन्मुक्ति पार्टी, राप्रपाका एक/एक र स्वतन्त्रका २ सांसद छन् ।

जसपाको आधारमा कांग्रेस ४ सांसद बढी ठूलो पार्टी रहेकाले थप दुई मन्त्रालयको दावी स्वभाविक रहेको उसका प्रदेश सांसद शेशनारायण यादव बताउँछन् ।

'१८ सिटको जसपाले मुख्यमन्त्रीसहित चार मन्त्रालय लिएको छ । कांग्रेस २२ सिटको छ । हामीलाई थप दुईवटा मन्त्रालय पाउनुपर्ने स्वभाविक छ नि !' प्रदेश सांसद यादवले भने ।

९-९ सिटको माओवादी केन्द्र र लोसपाले भने थप १-१ मन्त्रालयको दावी कायमै राखेका छन् । यद्यपि मधेशमा जनमतले छाडेको दुई मन्त्रालयबाट कांग्रेसलाई र माओवादीलाई थप १-१ मन्त्रालय दिने मनस्थितिमा मुख्यमन्त्री यादव रहेको जसपाका एक सांसद बताउँछन् ।

किन भने मधेश आन्दोलनको थमन विक हत्या प्रकरणमा लोसपा ससंदीय दलका नेता अभिराम शर्मालाई महोत्तरी जिल्ला अदालतले जन्मकैदको सुनाएको छ ।

राष्ट्रिय सभा सदस्यको चुनावमा पनि उनी मतदान गर्न आएनन् । त्यसैले मधेशमा एकसिट लोसपाको कम हुने र केन्द्रमा पनि लोसपा कमजोर रहेकाले उसलाई मधेशमा मन्त्रालय नदिने मनस्थितिमा मुख्यमन्त्री यादव छन् ।

'मुख्यमन्त्रीजी कांग्रेस र माओवादी केन्द्रलाई १-१ वटा मन्त्रालय दिने तयारीमा हुनुहन्छ । तर, पहिले विश्वासको मत, अनि मन्त्रालय भागवण्डा', ती सांसदले सुनाए ।

संघीय सरकारमा यथावत रहेको जनमत पार्टी पनि मधेश सरकारमा फर्किने चर्चा छ । तर, जनमतका सचिव विपी साह जसपा नेतृत्वको सरकारमा पुनः फर्किने सम्भावना नरहेको बताउँछन् ।

गठबन्धन भित्रको अन्य दलका नेतृत्वको सरकार बने मात्र जनमत सहभागी हुने उनको भनाइ छ ।

'फेलियर सरकारमा रहेर बदनामीको बोझ बोक्नु भन्दा बाहिरै ठीक छ', नेता साह भन्छन् 'जसपा बाहेक गठबन्धनभित्रकै अर्को दलको नेतृत्व भए सहभागी हुन सकिन्छ ।'

विश्वासको मत लिन प्रदेशसभा बैठक बोलाउने विषयमा मुख्यमन्त्री यादवले सभामुखसँग सल्लाह गरेका छैनन् । सदन सञ्चालनकोविषयमा सरकार बाट कुनै जानकारी नआएको सभामुख रामचन्द्र मण्डल बताउँछन् ।

उनी भन्छन्, 'विश्वासको मत लिने दुईदिन अघि जानकारी गराए पनि हामी सदन सञ्चालन गर्न सक्छौं ।'

# महोत्तरीको बर्दिवासमा दोश्रो युवराज श्रेष्ठ स्मृति कप सुरु

**विशाल बस्नेत**

**माघ २४ गते, बर्दिवास**

स्व. शिक्षक युवराज श्रेष्ठको दोश्रो स्मृति कप बर्दिवासमा सुरु भएको छ ।

बर्दिवास-४ स्थित माइस्थान पब्लिक एकेडेमीका संस्थापक सिक्षक श्रेष्ठको सम्झनामा राष्ट्रिय तथा निजि आवासिय विद्यालय एसोसिएसन नेपाल बर्दिवासले दोश्रो कप वुधवार देखी सुरु गरेको हो ।

नगर क्षेत्रमा एनप्यावसन अन्तर्गतका १३ वटा विद्यालय सहभागी हुने उक्त स्मृती कपमा फुटवल, एथलेटिक्स लगायतका खेल प्रतियोगिता आयोजना गरिएको एनप्यावसन बर्दिवासका सचिव सन्तोष वानियाले जानकारी दिए ।

खेललाई उमेर अनुसार दुई भागमा बिभाजन गरिएको छ । जुनियर खेल कक्षा-१ देखि कक्षा-३ सम्म र सिनियर खेल ३ देखि ८ कक्षासम्म निर्धारण गरिएको आयोजक पक्षले जनाएको छ ।

यसैविच बर्दिवास नगर उपप्रमुखको प्रमुख अथितित्वमा उक्त प्रतियोगिता आजै औपचारिक उदघाटन भएको छ ।

स्मृति कपको उदघाटन गर्दै उपप्रमुख तारादेवी महतोले स्वर्गीय सिक्षक श्रेष्ठले सिक्षा क्षेत्रमा गरेको योगदानको स्मरण गरिन ।

सर्पको टोकाईवाट अकालमा नै दुई बर्ष अगाडि ज्यान गुमाएका श्रेष्ठको सम्झनामा एन्प्याव्सन बर्दिवासले हरेक बर्ष स्मृति कप आयोजना गर्दै आएको छ ।




स्व. शिक्षकको शिक्षाप्रतिको योगदानलाई एनप्यावसनले सम्मान र चिरसान्तिको कामना गर्ने उदेश्यले यो कार्यक्रम आयोजना गर्ने निर्णय गरिएको अध्यक्ष नोगेन्द्र केपछाकीले वताए ।

तर यो कार्यक्रम एनप्यावसनको मात्र नभएर सवैको साझा वनाउनुपर्ने नगर सिक्षा साखाका सिक्षा अधिकृत गणेश दाहालले सुझाव दिए । नगरले समेत यसलाई फराकिलो वनाउन सहयोग गर्ने प्रतिबद्धता जनाउदै अधिकृत दाहालले एनप्यावसनका पदाधिकारी हरुलाई नगरको सिक्षा साखामा समन्वय गर्न अनुरोध गरेका छन् ।

कार्यक्रममा प्यावसन, एनप्यावसनका जिल्लास्तरीय पदाधिकारी, पत्रकार, सामाजिक संस्थाका व्यक्तित्वहरु लगायतको वाक्लै उपस्थिति रहेको थियो ।

R S सिनेमा हल बर्दिवासमा प्रदर्शन भईरहेको छ

फाइटर

शो समय १२-३ , ३-६ र ७-१० बजे




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा